आज मिति २०८१ मसिर ०७ गते विहान ८ बजे यस मर्स्याङ्दी गाउँपालिकाका अध्यक्ष श्री अर्जुन गुरुङज्युको अध्यक्षतामा गाउँकार्यपालिकाको बैठक बसी तपसिल वमोजिमका निर्णय गरियो ।

उपस्थिति :

अध्यक्ष :- श्री अर्जुन गुरुङ (अध्यक्ष म. गा.पा.)

उपाध्यक्ष :- श्री जुना माया थापा (उपाध्यक्ष म.गा.पा.)

वडा अध्यक्ष :- श्री रुद्रमान गुरुङ (वडा अध्यक्ष म.गा.पा. १)

वडा अध्यक्ष :- श्री चेत वहादुर गुरुङ (वडा अध्यक्ष म.गा.पा. २)

वडा अध्यक्ष :- श्री दुधमान तामाङ (वडा अध्यक्ष म.गा.पा. ३)

वडा अध्यक्ष :- श्री वल वहादुर गुरुङ (वडा अध्यक्ष म.गा.पा. ४)

वडा अध्यक्ष :- श्री घनश्याम घले (वडा अध्यक्ष म.गा.पा. ५)

वडा अध्यक्ष :- श्री मीन राशी गुरुङ (वडा अध्यक्ष म.गा.पा. ६)

वडा अध्यक्ष :- श्री तिल बहादुर गुरुङ (वडा अध्यक्ष म.गा.पा. ७)

वडा अध्यक्ष :- श्री धनसिङ तामाङ (वडा अध्यक्ष म.गा.पा. ८)

वडा अध्यक्ष :- श्री हरिश्चन्द्र थापा (वडा अध्यक्ष म.गा.पा. ९)

कार्यपालिका सदस्य :- श्री पूर्ण काशी गुरुङ

कार्यपालिका सदस्य :- श्री पूर्ण घले

कार्यपालिका सदस्य :- श्री पारकाशी गुरुङ

कार्यपालिका सदस्य :- श्री मिना कुमारी नेपाली

कार्यपालिका सदस्य :- श्री मधु माया बगाले

कार्यपालिका सदस्य :- श्री सोम बहादुर वि.क.

प्रमुख प्रशासकीय अधिकृत :- श्री अर्जुन चपाई

अन्य उपस्थिति :

लेखा अधिकृत :- श्री मनि राना मगर

प्रशासन शाखा प्रमुख :- श्री अनिल कुमार गुरुङ



Scanned with CamScanner

**मिति २०८१ मंसिर ०७ गते बसेको मर्स्याङ्दी गाउँपालिकाको गाउँकार्यपालिकाको बैठकका निर्णयहरु:**

**निर्णय नं. १ अघिल्लो बैठकको समिक्षा सम्वन्धमा :**

मिति २०८१/०७/०६ को मर्स्यांङदी गाउँपालिकाको गाउँ कार्यपालिकाको बैठकले गरेको निर्णयहरु कार्यान्वयनको अवस्था वारे यस बैठकमा समिक्षा गरियो । साथै वडाको कार्य प्रगति बारे वडा अध्यक्ष ज्यूहरुको रिपोर्टिङ भयो ।

**निर्णय नं. २ आ.व.२०८१/०८२ को दोस्रो गाउँसभा सम्बन्धमा :**

यस मर्स्यांङदी गाउँपालिकाको आ.व.२०८१/८२ को दोस्रो गाउँसभा १८ औ अधिवेशनको पहिलो वैठक यही मिति २०८१/०८/२५ गते ११:०० वजे गाउँपालिकाको सभाहलमा गर्ने गाउँपालिकाको गाउँकार्यपालिकाको वैठकमा सर्व सहमतिले निर्णय गरियो ।

**निर्णय नं. ३ कार्यालय सहयोगी नियुक्त गर्ने सम्बन्धमा :**

यस मर्स्यांङदी गाउँपालिकाको गाउँकार्यपालिकाको कार्यालय तथा तथा अन्तर्गतको शाखा कार्यालयहरुमा सेवा प्रवाहलाई थप व्यवस्थित वनाउन निम्नानुसारको कर्मचारीहरुको नियुक्त प्रकृया अगाडी वढाउने यस गाउँपालिका गाउँ कार्यपालिकाको वैठकमा सर्व सहमतिले निर्णय गरियो ।

निम्ना :

| क्र.स. | पद | श्रेणी/तह | कार्यालय/शाखा | संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | कार्यालय सहयोगी | श्रेणी विहिन/प्रथम | गाउँ कार्यपालिकाको कार्यालय | १ | |
| | | | वडा नं. ८ को कार्यालय | १ | |
| | | | पशु सेवा र कृषि विकास शाखा खुदी | १ | |
| | | | वाहुनडांडा स्वास्थ्य चौकी | १ | |

**निर्णय नं. ४ संघिय संचित कोषमा रकम दाखिला सम्वन्धमा :**

यस मर्स्यांङदी गाउँपालिकाको आ.व.२०८०/८१ को अन्तिम लेखापरीक्षणको प्रारम्भीक प्रतिवेदनको दफा २३ मा औल्याइएका वेरुजु खुदी खोला केक्याम झोलुङ्गे पुल उ.स.लाई सम्झौता रकम भन्दा रु ३,५०,१२८।- बढी भुक्तानी भएको हुँदा सम्वन्धीत उपभोक्ता समितीवाट असुल गरी संघीय राजश्व खातामा दाखिला गर्नु पर्ने भनि औल्याइएको वेरुजु सम्वन्धमा ।

उक्त लेखापरीक्षणको प्रारम्भीक प्रतिवेदनमा दाखिला गर्नु पर्ने भनि औल्याइएको वेरुजु सम्वन्धमा प्रतिवेदनमा उल्लेखित वेरुजु औल्याइएको रकम र भुक्तानी भएको रकम फरक पर्न गएको देखिएकोले उक्त खुदी खोला केक्याम झो.पु.उ.स.लाई यस कार्यालयवाट आ.व.२०७९/८० को मिति २०८०/०३/१० मा गो.भौ.नं. ३६ बाट प्रथम रनिङ वीलबाट रु.११,९२,७८२।- र आ.व.२०८०/०८१ को मिति २०८१/०२/२५ गते गो.भौ.नं. १८ बाट दोस्रो रनिङ विल रु.१०,७६,८४२।- मात्र गरी जम्मा २२,६९,६२४।- मात्र भुक्तानी भएको र गाउँपालिकाले व्यहोर्नु पर्ने रकम समेत रु.११,५२,०९६ भुक्तानी दिन बाँकी रहेको र लेखापरीक्षणको क्रममा भूलवस भुक्तानी भएको भनि उल्लेख भएको हुँदा उक्त रकम भुक्तानी दिन बाँकी नै रहेकोले रु.३,५०,१२८ वेरुजु दाखिला गर्नु नपर्ने देखिएकोले उक्त वेरुजु लगत कट्टी गरी समपरिक्षण गर्न आवश्यक भुक्तानी गरीएको गो.भौ. समेत प्रमाणित गरी लेखि पठाउने निर्णय गरियो ।



Scanned with CamScanner

**निर्णय नं. ५ : सडक वोर्ड नेपालको लागी बजेट विनियोजन तथा वार्षिक कार्यक्रम स्वीकृत सम्बन्धमा।**

आ.व. २०८१/८२ मा स्थानीय सडक मर्मत संभार कार्यको लागी सडक बोर्ड नेपालवाट रु १५,००,००० (अक्षरुपी पन्ध्र लाख रुपैया मात्र) स्वीकृत गरी पठाइएकोले यस मर्स्याङदी गाउँपालिकाले सडक बोर्ड नियमावली २०६० परिच्छेद (३) नियम (९) बमोजिम व्यहोर्नुपर्ने समपुरक कोष (Matching Fund) वापत हुन आउने रकम रु ३,७५,०००.०० (अक्षरुपी तीन लाख पचहत्तर हजार रुपैया) लागत साझेदारी योजना शिर्षकबाट खर्च गर्ने गरी वडा नं १ र २ मा पर्ने खुदी - घनपोखरा - नायु सडक खण्डमा मर्मत सम्भार गर्नेगरी कुल रु १८,७५,०००.०० (अक्षरुपी अठार लाख पचहत्तर हजार रुपैया) वरावरको वार्षिक कार्यक्रम स्वीकृत गरी सहमतीको लागी सडक बोर्ड नेपालमा पेश गर्ने निर्णय गरियो।

**निर्णय नं. ६ आ.व.२०८०/८१ को संस्थागत क्षमता स्व-मूल्याङ्कन सम्बन्धमा :**

स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि, २०७७ अनुरुप यस मर्स्याङदी गाउँपालिकाको स्वमूल्याङ्कन गर्नको लागि सूचना प्रविधि अधिकृत श्री अविनास भण्डारीलाई सम्पर्क व्यक्ति तोकि तपसिल वमोजिमका शाखा प्रमुखहरुलाई स्वमूल्याङ्कन जिम्मेवारी प्रदान गर्ने गरी यस गाउँपालिका गाउंकार्यपालिकाको वैठकमा सर्वसम्मतिले निर्णय गरियो ।

तपसिल:

| क्र.स. | विषय क्षेत्र | जिम्मेवार शाखा प्रमुखको नाम थर |
|---|---|---|
| १ | शासकीय प्रबन्ध | अविनाश भण्डारी (सूचना प्रविधि अधिकृत) |
| २ | संगठन तथा प्रशासन | अनिल कुमार गुरुङ (सहायक प्रशासकीय अधिकृत) |
| ३ | बार्षिक बजेट तथा योजना | मनि राना मगर (लेखा अधिकृत) |
| ४ | वित्तिय एव आर्थिक व्यवस्थापन | मनि राना मगर (लेखा अधिकृत) |
| ५ | सार्वजनिक सेवा प्रवाह | अनिल कुमार गुरुङ (सहायक प्रशासकीय अधिकृत) |
| ६ | न्यायिक कार्य सम्पादन | नन्दराज गुरुङ(रोजगार संयोजक) |
| ७ | भौतिक पुर्वाधार | सुरेश गौतम (इन्जिनियर ) |
| ८ | सामाजिक समावेशीकरण | लक्ष्मी घले (फिल्ड सहायक) |
| ९ | वातावरण संरक्षण तथा विपद् व्यवस्थापन | नन्दराज गुरुङ(रोजगार संयोजक) |
| १० | सहकार्य र समन्वय | नन्दराज गुरुङ(रोजगार संयोजक) |

**निर्णय नं. ७ बरिष्ठ अधिवक्ताको पारिश्रमिक सम्बन्धमा :**

निवेदक मर्स्याङदी गाउँपालिका वडा नं. ९ निवासी (मर्स्याङदी गाउँ पालिका वडा नं. ९ को वडा अध्यक्ष) श्री हरिश्चन्द्र थापाले मर्स्याङदी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, भुलभुले, लमजुङ, मर्स्याङदी गाउँपालिका अध्यक्ष श्री अर्जुन गुरुङ र गाउँपालिकांको शिक्षा समितिलाई विपक्षी वनाई (081-WO-0055/156) अन्तरिम आदेश सहितको उत्प्रेषण प्रमादेश लागायतको आदेश पाउँ भनी सम्मानित उच्च अदालतमा दिनु भएको निवेदन उपर लिखित जवाफ तथा पेश र अदालतमा वहश पेशी तथा अन्य आवश्यक कार्य समेत गर्नको लागि वरिष्ठ अधिवक्ता श्री सुरेन्द्र थापा मगरलाई तोकिएकोले निजको उक्त कार्य गरे वापत एकमुष्ठ रु.१,००,००० अक्षरुपी एक लाख रुपैया मात्र पारिश्रमिक उपलब्ध गराउने यस गाउँपालिका गाउँकार्यपालिकाको वैठकमा सर्वसम्मतिले निर्णय गरियो । निर्णय नं. ७ मा भएको वरिष्ठ अधिवक्ताको पारिश्रमिक निर्णयमा मेरो फरक र असहमत जनाउँदछु

**निर्णय नं. ८ स्थानीय तह वित्तिय सुशासन जोखिम मूल्याङ्कन (FRA) सम्बन्धमा :**

स्थानीय तह वित्तिय सुशासन जोखिम मूल्याङ्कन कार्यविधि, २०७७ अनुरुप यस मर्स्यांङदी गाउँपालिकाको मूल्याङ्कन गर्नको लागि सूचना प्रविधि अधिकृत श्री अविनास भण्डारीलाई सम्पर्क व्यक्ति तोकि तपसिल वमोजिमका शाखा प्रमुखहरुलाई स्वमूल्याङ्कन जिम्मेवारी प्रदान गर्ने गरी यस गाउँपालिका गाउँकार्यपालिकाको वैठकमा सर्वसम्मतिले निर्णय गरियो ।

तपसिल :

| क्र.स. | विषय क्षेत्र | जिम्मेवार शाखा प्रमुखको नाम थर |
|---|---|---|
| १ | योजना, बजेट तथा कार्यक्रम व्यवस्थापन | बसन्त वरुवाल (योजना शाखा प्रमुख/क.अ.) |
| २ | कार्यान्वयन क्षमता तथा व्यवस्थापन | अनिल कुमार गुरुङ/अविनास भण्डारी (सहायक प्रशासकीय अधिकृत/सूचना प्रविधि अधिकृत) |
| ३ | लेखाङ्कन तथा प्रतिवेदन | मनि राना मगर (लेखा अधिकृत) |
| ४ | अनुगमन, मूल्याङ्कन तथा लेखापरीक्षण | सुरेश गौतम (इन्जिनियर ) |
| ५ | राजश्व व्यवस्थापन | अविनास भण्डारी/शैलेन्द्र घिमिरे (सूचना प्रविधि अधिकृत/राशश्व प्रमुख) |

**निर्णय नं. ९ : अन्नपूर्ण संरक्षण आयोजना, ईलाका संरक्षण कार्यालय भुजुङको रु. १० लाख बजेट सम्बन्धमा :**

अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना, ईलाका संरक्षण कार्यालय भजुङ्ग, लमजुङको मिति २०८१/५/२० को च.नं.१४/२०८१/०८२ को पत्र अनुसार आ.व.२०८१/०८२ को स्विकृत बजेट तथा कार्यक्रम अनुसार गाउँपालिकाको सहकार्यमा प्राकृतिक श्रोत सम्पदा संरक्षण, पर्यटन प्रवर्द्धन, वैकल्पिक पद मार्ग विकास, पदमार्ग स्तरिकरण जस्ता कार्यक्रम तथा अन्य आय आर्जन सम्बन्धी कार्यक्रम तर्जुमा गरी मर्स्याङ्दी गाउँपालिकाको अन्नपूर्ण संरक्षण क्षेत्रमा कार्यान्वयन गर्ने गरी रु.१० लाख बजेट उपलब्ध भएकोमा उक्त बजेटलाई अन्नपूर्ण संरक्षण क्षेत्रमा पर्ने वडाहरु क्रमश वडा नं. १,२,३,४ र ९ मा आय आर्जनको लागि व्यवसायिक अकवरे खुर्सानी खेती कार्यक्रम सञ्चालन गर्ने र सोको लागि आवश्यक कार्यक्रम तय गर्न र समन्वय गर्नको लागि कृषि शाखालाई जिम्मेवारी दिने निर्णय गरियो ।

**निर्णय नं. १० : विस्तृत योजना प्रतिवेदन तयार गर्ने सम्बन्धमा ।**

मिति २०८१ जेठ ११ गते तदनुसार २४ मे २०२४ मा मर्स्याङ्दी गाउँपालिका, सिनो हाईड्रो सगरमाथा पावर क.प्रा.लि., माथिल्लो मर्स्याङ्दी जलविद्युत आयोजना सहयोग तथा समन्वय समिति र जलगिनि देखि अर्खलेवेंसी सडक स्तरोन्नति संघर्ष समिति विच भएको सम्झौता अनुसार भुलभुले देखि अर्खलेवेंसी सम्मको वाटो कालोपत्रे गर्नुपर्ने भएको र उक्त कार्यको लागी विस्तृत योजना प्रतिवेदन तयार गरी कार्य गर्नुपर्ने भएकाले **Detail Survey, Design, Drawing and Cost Estimate of Bhulbhule-Baluwa (10 bed hospital) - Ngadi - Arkhalebeshi Road, Marsyangdi - 08, 07 and 06 Lamjung** को **DPR** तयार गर्नका लागी सेवा र परामर्श खर्च शिर्षकबाट खर्च हुने गरी रु ५,००,०००.०० (अक्षरुपी पाँच लाख रुपैया मात्र) यस वैठकवाट अनुमोदन गर्ने निर्णय गरियो।

**निर्णय नं. ११ : महिला सञ्जालको कार्यक्रम सम्बन्धमा ।**

महिला सञ्जाल, मर्स्याङ्दी गाउँपालिकाद्धारा महिला हिंसा विरुद्ध १६ दिने अभियानको अवसरमा मिति २०८१ मङ्सिर १४ र १५ गते आयोजना गर्न लागि रहेको महिला हिंसा न्युनिकरण सम्वन्धी प्रशिक्षण कार्यक्रमको लागि सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठि सम्वन्धी खर्च (२२५१२) को महिला विकास कार्यक्रम शिर्षकमा विनियोजित ब्रजेटवाट रु.१,१५,०००।- (अक्षरुपी एक लाख पन्ध हजार मात्र) विनियोजन गर्ने यस गाउँपालिका गाउँकार्यपालिकाको वैठकमा सर्वसम्मतिले निर्णय गरियो ।



Scanned with CamScanner

**निर्णय नं. १२ : यस मर्स्याङदी गाउँपालिकाको आ.व.२०८०/८१ को अन्तिम लेखापरीक्षणको प्रारम्भीक प्रतिवेदनको दफा २७ मा औल्याइएका वेरुजु प्रशासनिक भवन निर्माण कार्यका निर्माण व्यवसायी शैलेन्द्र जयाज्योती-बौद्धनाथ जे.भी.लाई ३ घर भत्काइएको भनी प्रोभिजनल समबाट एकमुष्ठ खर्च रकम रु १,२०,०००।- भुक्तानी भनी निर्माण व्यवसायीबाट असुल गरी दाखिला गर्नु पर्ने भनी औल्याइएको वेरुजु सम्बन्धमा ।**

उक्त लेखापरीक्षणको प्रारम्भीक प्रतिवेदनमा दाखिला गर्नु पर्ने भनि औल्याइएको वेरुजु सम्वन्धमा प्रतिवेदनमा उल्लेखित वेरुजु औल्याइएको रकम भुक्तानी भएको भनी उल्लेख गरीइएकोमा उक्त प्रशासनिक भवन निर्माण कार्यका निर्माण व्यवसायी शैलेन्द्र जयाज्योती-बौद्धनाथ जे.भी.लाई यस कार्यालयबाट आ.व.२०८०/८१ को मिति २०८१/०२/३० मा गो.भौ.नं. २४३ बाट प्रथम रनिङ वीलबाट रु.८,०१,९४०।- र आ.व.२०८०/०८१ को मिति २०८१/०३/११ गते गो.भौ.नं. ४ बाट रु.२०,००,०००।- मात्र गरी जम्मा २८,०१,९४०।- मात्र भुक्तानी भएको उक्त विलमा PS Item समावेश नगरिँदा पनि लेखापरीक्षणको क्रममा भूलवास भुक्तानी भएको भनि उल्लेख भएको हुँदा उक्त रकम वेरुजु दाखिला गर्नु नपर्ने देखिइएकोले उक्त वेरुजु लगत कट्टी गर्न आवश्यक भुक्तानी गरीएको गो.भौ. समेत प्रमाणित गरी लेखि पठाउने निर्णय गरियो ।

**निर्णय नं. १३ : बिस्फोटक पदार्थ प्रयोग गर्ने सम्बन्धमा ।**

मर्स्याङ्दी गाउँपालिका वडा नं. ५ स्थित लिलि भिर खण्डमा विगतका वर्षहरु देखिनै ब्रेकर र डोजर प्रयोग गरि सडकको ट्र्याक खोल्ने काम भईरहेको तर उक्त खण्डमा अति कडा चट्टान भएकोले अति नै गाह्रे भएको र कामको प्रगति हुन सकेको छैन । सोही स्थानको सडक निर्माणको लागि आ.व. २०८१/०८२ मा गण्डकी प्रदेश सरकारबाट रु.५५ लाख वजेट विनियोजन भएको छ । यस बजेटको निर्माण कार्यको लागि विस्फोटक पदार्थ प्रयोग गर्नु पर्ने देखिन्छ । यस योजना लगायत आउने आ.व.हरुमा विनियोजन हुने वजेटहरुबाट सडक निर्माणको कामलाई सहज बनाउन बिस्फोटक पदार्थ प्रयोग गर्नु पर्ने अवस्थामा सोका लागि आवश्यक प्रकृयाको लागि जिल्ला प्रशासन कार्यालय, लमजुङ र अन्य सम्बन्धित निकायहरुमा सिफारिस गरि पठाउने यस गाउँपालिका गाउँकार्यपालिकाको वैठकमा सर्वसम्मतिले निर्णय गरियो ।

**निर्णय नं. १४ : आर्थिक सहयोग सम्बन्धमा ।**

- विविध कार्यक्रम खर्च(२२५२९) विपद् व्यवस्थापन कोषबाट निम्नानुसार सहयोग गर्ने निर्णय गरियो ।
  १. विवा भण्डारी, मर्स्याङ्दी -९, रु.३०,०००।- (अक्षरुपी तिस हजार मात्र) आगलागिबाट घर नष्ट भएको र एकल महिला समेत ।



Scanned with CamScanner